लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०८१।०८२
च.नं. ५११

मिति २०८१।१२।२६

**विषयः सि.वि.आर. कार्यक्रम संचालन गर्ने प्रस्तावना आव्हान गरिएको सूचना ।**

यस आ.व. २०८१।८२ को सामाजिक विकास डिभिजन कार्यालय पाल्पाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालनार्थ पाल्पा र गुल्मी जिल्लाको लागि २/२ लाख बजेट विनियोजित भएकोमा सो कार्यक्रम सञ्चालन गर्न संस्था छनौट गर्नुपर्ने भएको हुदाँ जिल्ला स्तरमा अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाहरुबाट तपसीलमा उल्लेखित छनौटका आधार र कागजात सहित १५ दिन भित्र यस कार्यालयमा सिलबन्दी प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

.............................
कार्यालय प्रमुख

तपसीलः

संस्था छनौटका लागि मुल्याङ्कन गर्ने आधारहरु

- अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव वापतः-२० अंक
- संस्थामा कार्यरत सि.वि.आर. तालिम लिएका जनशक्तिको विवरण वापतः-१० अंक
- भौतिक पूर्वाधारको अवस्थाः-१० अंक
- संस्थाको प्रशासनिक तथा आर्थिक नियमावली भएकोमाः-५ अंक
- स्थानीय तहले निर्धारण गरेका अन्य आधारहरुः-५ अंक

पेश गर्नुपर्ने कागजातहरुः

- संस्था दर्ता प्रमाण पत्र प्रतिलिपी
- संस्था दर्ता नविकरण भएको प्रमाणित कागजात
- संस्थाको विधान प्रतिलिपी
- प्रशासनिक तथा आर्थिक नियमावली प्रतिलिपी
- अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात
- गत वर्षको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन
- संस्थाको आफ्नै भवन भएकोमा सोको जग्गाधनी पुर्जाको फोटोकपी
- संस्था भाडामा रहेकोमा घर धनीसंगको सम्झौता पत्र
- संस्थाको कार्य समितिको प्रमाणित निर्णय प्रतिलिपी
- कार्यरत जनशक्ति, सि.वि.आर. सहजकर्ताको विवरण खुल्ने कागजात
- कार्यक्रम संचालनको प्रस्तावना
- संस्था रहेको स्थानीय तहको सिफारीस